# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, फागुन ६ गते २०५३ साल ( संख्या ४४

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको परियोजना प्रमुखलाई शिवपुरी जलाधार तथा वन्यजन्तु आरक्षको चौहदी भित्र भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा १९ बमोजिम जलाधार संरक्षण अधिकृतको कार्य गर्ने गरी तोकेको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भक्तपुर ईट कारखाना लि. लाई न्यूनतम १० वर्ष सम्मका लागि भाडा (लिज) को माध्यमबाट निजीकरण गर्ने निर्णय गरेकोले निजीकरण ऐन, २०५० को दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री सुकुना बहुमुखी क्याम्पस, मोरङ्गको भवन निर्माणमा उदयपुर सिमेन्ट उद्योगबाट खरिद हुने ३६३६ बोरा सिमेन्ट तथा पशुपति आईरन एण्ड स्टील प्रा. लि. सुनसरीबाट खरिद हुने ४३,०३१ के. जी. छडमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम जारी भएको आदेशको दफा २४ ले दिएको अधिकार प्रयोग गरी काठमाडौंको बौद्धमा स्थापना हुने तारागाउँ रिजेन्सी होटलस (लि.) ले आफ्नो नाउँमा रहेको अचल सम्पत्ति धितो राखी एशियाली विकास बैंक समेतबाट ऋण वापत लिने अमेरिकी डलर १ करोड ३८ लाख ३० हजारको दृष्टिबन्धक लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्णरूपमा छूट दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमका पदाधिकारीहरू रहने गरी सप्तरी जिल्लाको राजविराज नगरपालिका क्षेत्रमा राजविराज नगर विकास समिति गठन गरेको छ ।

क. समितिको गठनः–

(१) प्रमुख (मेयर) राजविराज नगरपालिका, राजविराज,सप्तरी — अध्यक्ष
(२) श्री गोविन्द सिं, राजविराज नगरपालिका, राजविराज, सप्तरी — उपाध्यक्ष
(३) श्री रामवृक्ष राय, राजविराज नगरपालिका वडा नं. ४, राजविराज — सदस्य



6322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (४) | श्री रामप्रसाद देव, राजविराज न. पा. वडा नं. ६, राजविराज, सप्तरी | सदस्य |
| (५) | श्री ममता झा, राजविराज न.पा. वडा नं. ७, राजविराज, सप्तरी | सदस्य |
| (६) | श्री कृपानन्द झा, राजविराज, सप्तरी | सदस्य |
| (७) | श्री बन्धुदास, राजविराज नगरपालिका वडा नं. ८, राजविराज, सप्तरी | सदस्य |
| (८) | श्री भूप नारायण यादव, राजविराज, सप्तरी | सदस्य |
| (९) | श्री रफिक मिया, राजविराज, सप्तरी | सदस्य |
| (१०) | श्री अमृतलाल चौधरी, राजविराज, सप्तरी | सदस्य |
| (११) | श्री विजयकुमार सिं, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१२) | श्री मदन झा, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१३) | श्री विजयकुमार झा, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१४) | श्री शम्भुदेव, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१५) | श्री रघुनन्दन यादव, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१६) | श्री शिवहरी भट्टराई, राजविराज नगरपालिका, राजविराज, सप्तरी | सदस्य |
| (१७) | प्रमुख, जिल्ला प्रशासन कार्यालय, सप्तरी | सदस्य |
| (१८) | प्रमुख, जिल्ला विकास समिति, सप्तरी | सदस्य |
| (१९) | प्रमुख, मालपोत कार्यालय, सप्तरी | सदस्य |
| (२०) | प्रमुख, जिल्ला वन कार्यालय, सप्तरी | सदस्य |
| (२१) | प्रमुख, जिल्ला खानेपानी कार्यालय, सप्तरी | सदस्य |
| (२२) | प्रमुख, जिल्ला कृषि विकास कार्यालय, सप्तरी | सदस्य |
| (२३) | प्रमुख, जिल्ला सिंचाइ कार्यालय, सप्तरी | सदस्य |
| (२४) | प्रमुख, जिल्ला हुलाक कार्यालय, सप्तरी | सदस्य |
| (२५) | प्रमुख, स्थानीय सडक कार्यालय, सप्तरी | सदस्य |
| (२६) | प्रमुख, भूमि सुधार कार्यालय, सप्तरी | सदस्य |
| (२७) | प्रमुख, जिल्ला शिक्षा कार्यालय, सप्तरी | सदस्य |
| (२८) | प्रमुख, जिल्ला प्रहरी कार्यालय, सप्तरी | सदस्य |
| (२९) | प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी | सदस्य |
| (३०) | प्रमुख, मेन्टीनेन्स नापी कार्यालय, सप्तरी | सदस्य |
| (३१) | प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी | सदस्य |
| (३२) | प्रमुख जिल्ला भवन कार्यालय, सप्तरी | सदस्य-सचिव |

ख. मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

623



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।